सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री तेज बहादुर के.सी.

<u>आदेश</u>

०७६-WO-०८५४

विषयः-परमादेश।

अधिवक्ता पूर्ण राजवंशी ------------------------------------------------------------निवेदक

<u>विरुद्ध</u>

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत --------------बिपक्षी

यसमा रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकतर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताहरु श्री अनन्तराज लुइटेल, श्री बल्लभराज बस्नेत, श्री विकास भट्टराई, श्री धनेन्द्र श्रेष्ठ, श्री श्रवनकुमार चौधरी, श्री टेकबहादुर पौडेल, श्री सन्तोष भण्डारी, श्री गोमा सुवेदी, श्री सपना सुवेदी, श्री उज्वल घिमिरे. श्री लक्ष्मी थापा र निवेदक स्वयं पूर्ण राजवंशीले गर्नु भएको बहससमेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादवाहेक १५ दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू ।

प्रस्तुत विषयमा व्यवस्थापकिय पक्षमा अन्तरिम आदेश माग भएको सम्बन्धमा बिचार गर्दा, निवेदकको जिकिर नाजायज पनि देखिंदैन भने सरकार पनि संवेदनशील नैं रहेको देखिन्छ। निवेदकले उठाएको (कोभिड-१९) कोरोना भाइरस संक्रमणको भयावह कुनै एक

भूगोलमा मात्र सिमित रहेको विषय नरहेको स्पष्ट छ। यसबाट जोगिन र संक्रमण देशमा भित्रिनै नदिन विपद पूर्वको जोखिम व्यवस्थापन समयमै हुन अति आवश्यक छ। लोक कल्याणकारी प्रजातान्त्रिक व्यवस्थामा सरकार-देश र जनता प्रति उत्तरदायी जिम्मेवार र त्यसप्रति गम्भिर भएको र रहेको नै हुने गर्छ, यसमा केही शंका गरी रहनु पर्दैन। यसको रोकथाम र विपद पूर्वको जोखिम न्यूनिकरणको लागि राज्य तर्फबाट क्रमिक रुपमा तयारी र व्यवस्थापन भैरहेको पनि छ। यो रोगको संक्रमणले भौगोलिक क्षेत्र विस्तार गरिरहेको र नेपालमा पनि यो संक्रमणको प्रवेशको संभावनालाई कुनै पनि अवस्थामा नजर अन्दाज गर्न नहुने र यसबाट अगावै सुरक्षित हुन र राज्यले पनि गरि दिन नेपालको संविधानको धारा १६(१) (३०) (३५) द्वारा प्रदत्त मौलिक हक, संक्रमक रोग ऐन, २०२० को दफा २, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ५, ८, ११ जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८, ४९ लगायतका कानून प्रदत्त हकहितलाई संविधानको धारा १३३(२) (३) को आधारमा संरक्षण एवं रक्षा गर्ने हेतु कोरोना भाइरस (कोभिड-१९) को संभावित संक्रमण र त्यसबाट फैलिने सक्ने महामारी जस्तो विपद जोखिम न्यूनिकरणको निमित्त विपद पूर्वको जोखिमको विश्लेषण, मूल्याङ्कन, विपद रोकथाम र व्यक्तिको न्यूनिकरण सम्बन्धी पूर्व तयारीका कामहरु गरि नसकेको भए तत्काल गरी र गर्न लगाई संक्रमण फैलिए विपद प्रतिकार्य र व्यवस्थापनका कार्यहरु प्रभावकारी ढंगले गर्नु गराउनु, देशको उत्तर र अन्य सिमाबाट नेपालमा प्रवेश गरिने स्थलमार्ग र त्रिभूवन अन्तरराष्ट्रिय विमानस्थलबाट व्यक्तिहरु प्रवेश गर्ने नागरिक(विदेशी समेत)हरुको अनिवार्य रुपमा कडाईका साथ दक्ष जनशक्ति सहितको स्वास्थ्य जाँचको प्रभावकारी उपकरणको व्यवस्था, कोरोना भाइरस (कोभिड-१९) को गम्भीर संक्रमण फैलिएका देशहरु (चीन, जापान, दक्षिण कोरिया, वहराइन, इरान, आदि)बाट सोझै र ट्रान्जिट भएर त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा अवतरण हुने अन्तरराष्ट्रिय उडानका अवस्था र परिस्थितिको गंभिरताको शुक्ष्म मुल्याङ्कन गरी आम जनताको स्वास्थ्य सम्बन्धी राष्ट्रिय हितलाई ध्यानमा राखी केही दिन र महिनाको लागि अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण हुने अन्तरराष्ट्रिय उडानमा रोक लगाउने र ती देशका नागरिकलाई स्वास्थ्य परीक्षण विना प्रवेशमा रोक लगाउनुको साथै शंकास्पद स्वदेशी तथा विदेशी नागरिकलाई तत्कालै आइसोलेसन र क्वारेन्टाइनमा राखी छुट्टै उपचारको व्यवस्था मिलाउने लगायत संक्रमण लाग्न र फैलिन नदिन र साथै यसको कारणबाट बजारमा दैनिक उपभोगका अत्यावश्यक खाद्यान्न लगायका चीज वस्तुहरुको अभाव हुन नदिन र त्यस सम्बन्धमा नियमित निगरानी राखी रहने लगायतका अन्य आन्तरिक व्यवस्थापनका साथै त्यस संवन्धी सूचना संकलन गरी त्यसलाई प्रवाह र संप्रेषण गर्ने व्यवस्थाहरु तत्काल गर्न गराउननको लागी प्रस्तुत निवेदनको अन्तिम

टुङ्गो नलागेसम्मको लागि विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम अन्तरिम आदेश जारी गरीदिएको छ। विषयवस्तुको प्रकृति, गाम्भिर्यता र संवेदशीलता हेर्दा प्रस्तुत विषयलाई अग्राधिकार दिई किनारा लगाउनु पर्ने देखिंदा सो कारवाहीको लागि अग्राधिकार दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम् ---------------------------------।

सर्वोच्च अदालत एकल इजलास

माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही

आदेश

०७६-WO-०९३२

मुद्दाः उत्प्रेषण।

अधिवक्ता मिना खड्का बस्नेत समेत ---------------------------------------------------------------------१

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय, समेत ----------------------------------------------------------१

यसमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री माधव बस्नेतले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत खोली विपक्षी न. २ बाहेक अन्य प्रत्यर्थीको हकमा यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पेश गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नुहोला।

साथै निवेदकले अन्तरीम आदेश समेत माग गर्दा नेपलको संविधानको धारा ४५ लाई आधार बनाई जिकिर लिएको देखियो। निवेदनको विषयको सम्वेदनशिलता समेतलाई हेर्दा दुवै पक्ष राखि अन्तरीम आदेश दिने नदिने सम्बन्धमा छलफल गराउन उपर्युक्त देखिंदा नेपाल सरकारले मिति २०७६।१२।०५ मा गरेको निर्णय समेत झिकाई मिति २०७६।१२।२४ गते छलफलको जानकारी दुवै पक्षलाई दिई नियमानुसार पेश गर्नू।

(हस्ताक्षर)
न्यायाधीश

इति संवत् २०७६ साल चैत्र १२ गते रोज ४ शुभम् ----------------------------------

सर्वोच्च अदालत

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री विश्वमभरप्रसाद श्रेष्ठ

आदेश

०७६-WO-०९३३

अधिवक्ता श्री विष्णु लुईटेल------------------------------------------------ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार समेत--------------------- विपक्षी

मुद्दाः- परमादेश समेत ।

यसमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री विष्णु लुईटेल र श्री कलम बहादुर खत्रीले गर्नु भएको बहस सुनियो ।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षीहरूको नाउँमा महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

न्युन आय भएका श्रमजिवी, दैनिक ज्यालादारी, मजदुर तथा विपन्न वर्गहरुलाई तत्काल खाद्य सामाग्री राहत उपलब्ध गराई पाउँ भन्ने समेत व्यहोराको निवेदन परेको देखियो। COVID-19 को

महामारीको कारण देश बन्दाबन्दी (Lockdown) को स्थितिमा राख्ने नेपाल सरकारबाट निर्णय भएको आज ७ दिन व्यतित भएको छ । यसवाट अति विपन्न दैनिक ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने व्यक्तिहरु खान पाउने अधिकारवाट वञ्चित हुन परेको स्थितिको श्रृजना हुन जाने देखिन आएको छ। यस्तो विषम परिस्थितिमा त्यस्ता व्यक्तिहरु राहत लिन सम्पर्क राख्न आफै आउनु भन्दा राज्यका संयन्त्रवाटै त्यस्ता व्यक्तिहरुको पहिचान गरी राहत उपलब्ध गराई निजहरुको खाद्य सम्वन्धी मौलिक हकको व्यवहारिक प्रचलन गराउन वाञ्छनीय देखिएको हुदां सबै तहका सरकारका वीच समन्वय गरी आवश्यक पर्ने विशेष प्रबन्ध मिलाउनु भनी विपक्षीहरुको नाउँमा तत्काल यो आदेश जारी गरी दिएको छ। साथै, यस सम्वन्धमा नेपाल सरकारबाट खाद्य सुरक्षाका सम्बन्धमा भए गरेका काम कारवाहीहरुका विवरणहरुको प्रतिवेदन लिई मिति २०७६।१२।२३ गते महान्यायाधिवक्ताको कार्यालय मार्फत यस अदालतमा छलफलका लागि उपस्थित हुन आउनु भनी विपक्षीहरुलाई सूचना दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश

ईति सम्वत् २०७६ साल चैत्र १७ गते रोज २ शुभम्-----------------------------

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

आदेश

०७६-WO-०९३४

मुद्दाः परमादेश।

अधिवक्ता पुष्पराज पौडेल समेत---------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालयसमेत------------------------------ विपक्षी

निवेदकद्वय विद्वान अधिवक्ताहरू श्री पुष्पराज पौडेल र श्री सरोजकृष्ण घिमिरे तथा निवेदकहरुका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी एवम् विद्वान अधिवक्ताहरू श्री पुर्णिमा रिमाल गुरागाई, श्री टिकाराम भट्टराई, श्री राजु खड्का, श्री कल्याण पोखरेल र श्री रमणकुमार कर्णले गर्नु भएको बहससमेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए सो सहित यो सूचना म्याद प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी म्याद भित्र लिखितजवाफ परे वा अवधि व्यतित भए पछि नियमानुसार पेश गर्नु।

साथै अन्तरिम आदेश मागको सन्दर्भमा विचार गर्दा, निवेदकहरुले उठाएको विषयवस्तु नेपालको मात्र विषय नभई संसारका करिब २०० देशमा देखिएको कोरोना भाईरस (COVID-19) सँग सम्बन्धित महामारीको कारण उत्पन्न भएको परिस्थितिसंग सम्बन्धित रहेको देखियो । महामारीलाई नियन्त्रण गरी जनताको जीवन र स्वास्थ्य सुरक्षाको लागि राज्य संयन्त्रको अधिकतम प्रयोग गर्नु पर्ने नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको जिम्मेवारी भित्र पर्ने विषय भएको कुरा निर्विवाद छ । निवेदकले उपचारको क्रममा निजी स्वास्थ्य संस्थाको प्रयोगको सन्दर्भमासमेत अन्तरिम आदेश माग गरेको तर्फ विचार गर्दा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन तथा

राज्यले चाहेको बखत अनिवार्य सेवा प्रदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने संवैधानिक ब्यवस्था रहेको देखिन्छ । त्यसैगरी नेपालको संविधानको धारा १६(१) ले सबै नागरिकलाई सम्मानपूर्वक बाच्न पाउने हकको प्रत्याभूत गरेको छ । सम्मानपूर्वक बाच्ने हक अन्तरगत सबै नागरिकलाई जीवनको हक हुने र संविधानले प्रत्याभूत गरेका अन्य सबै हक भन्दा जीवनको हकको स्थान सर्वोच्च हुने कुरा निर्विवाद छ । यसैले आम मानिसलाई स्वास्थ्योपचार उपलब्ध गराई महामारीबाट जोगाई स्वस्थ जीवनको प्रत्याभूति गर्ने कार्य निजी स्वास्थ्य संस्थाको उत्तिकै जिम्मेवारी भित्र पर्दछ । कुनै पनि निजी स्वास्थ्य संस्थालाई कुनै पनि बहानामा कोरोना संक्रमणको उपचार गर्नबाट पञ्छिन र यस उपचारको कार्यबाट विमुख हुने अधिकार रहेको देखिंदैन । त्यसैले निजी स्वास्थ्य संस्थामा उपलव्ध भए सम्मको बेड, आईसियु कक्ष, भ्यान्टिलेटर लगायत कोरोना भाईरसको उपचारको लागि आवश्यक पर्ने सेवा लिन आवश्यक व्यवस्था मिलाउनु र स्वास्थ्य सेवामा संलग्न चिकित्सक, परिचारिका, एम्वुलेन्स चालक, सफाई श्रमिक, औषधि उत्पादन वितरण गर्ने कार्यमा संलग्न भएका श्रमिकहरु तथा जनताका दैनिक उपभोग्य वस्तुको उत्पादन तथा आपूर्ति गर्ने कार्यमा संलग्न रहने श्रमिकहरु एवम् सुरक्षा कार्यमा संलग्न व्यक्तिहरुलाई कोरोना संक्रमणवाट जोगाउनको लागि उनीहरुको कामको प्रकृतिको आधारमा उनीहरुलाई काममा लगाउने संस्थामार्फत आवश्यक व्यक्तिगत सुरक्षा सामाग्रीको यथोचित प्रबन्ध गरी काममा लगाउने व्यवस्था मिलाउनु भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ । आदेशको जानकारी बिपक्षीहरूलाई दिनू ।

साथै निवेदकहरूले अध्यादेशमार्फत आवश्यक नीतिगत एवम् कानूनी ब्यबस्था मिलाउने बिषयमा अन्तरिम आदेश जारी हुनु पर्ने भनी माग गरेको र सो विषयको गाम्भिर्यताका सम्बन्धमा विपक्षी नेपाल संरकारसमेतलाई छलफलमा राखी निर्ष्कषमा पुग्न आवश्यक देखिएकोले सो प्रयोजनका लागि मिति २०७६/१२/२३ गतेको छलफलको पेशी तोकी सो को सूचना विपक्षीहरुलाई दिनू ।

निवेदकहरूले अन्तरिम आदेश माग गरेको अन्य विषयवस्तुहरु मध्ये कतिपय बिषयवस्तुहरूको सम्बन्धमा सम्वेदनशील रुपमा नै सरकारले आवश्यक निर्णय गरी सार्वजनिक जानकारी गराई सकेको र यसै अदालतवाटसमेत यस भन्दा अगाडि दायर भएको रिट निवेदनमा अन्तरिम आदेश भइसकेको देखिंदा प्रस्तुत रिट निवेदन कोरोना संक्रमणको विषय वस्तु समावेश भएको अन्य रिट निवेदनसँग साथै राखी नियमानुसार पेश गर्नु ।

न्यायाधीश

इति सम्वत् २०७६ साल चैत्र १८ गते रोज ३ शुभम् ------------------------------------ ।

**सर्वोच्च अदालत एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की**
**आदेश**
०७६-wo-०९३५
विषयः उत्प्रेषण।

अधिवक्ता मनिषकुमार श्रेष्ठ समेत---------------------------------------------------------निवेदक

**विरुद्ध**

प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय समेत---------------------------------------------------विपक्षी

निवेदक तर्फबाट उपस्थित हुनुभएका बिद्वान बरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल र बिद्वान अधिवक्ताहरु श्री अनन्तराज लुइटेल, श्री दीपकराज जोशी, श्री पंकजकुमार कर्ण, श्री भेषराज पन्त, श्री सुनिलकुमार पोखरेल, श्री मेघराज पोखरेल, श्री प्रेमसिंह धामी, श्री बिकास भट्टराई, श्री दमनवहादुर बुढा, श्री रामदत्त ओझा, श्री रामेश्वरप्रसाद कोइराला, श्री रमनकुमार कर्ण, श्री माधवकुमार बस्नेत, श्री मनिषकुमार श्रेष्ठ, श्री मनिराम उपाध्याय, श्री कृतिनाथ शर्मा, श्री कमल कोइराला, श्री शन्तोष भण्डारी, श्री प्रमोदकुमार थापा, श्री सुजन नेपाल श्री लक्ष्मीनानी थापा,श्री प्रतिभा उप्रेती, श्री दानबहादुर बुढा, श्री श्याम बिश्वकर्मा, श्री देवीकुमारी जोशी समेतले गर्नुभएको बहस समेत सुनियो ।

यसमा, के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण समेत खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र बिपक्षी नं. ४ को हकमा मूख्य न्यायाधिवक्ताको कार्यालय,सुदुरपश्चिम प्रदेश र अन्यको हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी बिपक्षीका नाममा सूचना म्याद पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु।

निवेदकले अन्तरिम आदेशको समेत माग गरेको सम्बन्धमा हेर्दा यसै विषयसँग सम्बन्धित ०७६-wo-०९३२ को निवेदनमा अन्तरिम आदेश छलफलको लागि मिति २०७६।१२।२४ गतेको पेसी तारेख तोकिएको र प्रस्तुत निवेदनको संवेदनशिलतालाई मध्येनजर गरी दुवै पक्षलाई छलफलमा राखी अन्तरिम आदेशको सम्बन्धमा निर्णय गर्न उपयुक्त हुने देखिएकोले मिति २०७६।१२।२४ गतेको अन्तरिम आदेश छलफलको पेसी तोकि प्रस्तुत निवेदन समेत ०७६-wo-०९३२ को निवेदनसँग साथै राखि नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति सम्वत २०७६ साल चैत्र २० गते रोज ५ शुभम् ------------------------------------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल
आदेश
०७६-WO-०९३६
विषयः- उत्प्रेषण समेत ।

अधिवक्ता मुकुन्द अधिकारी-------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार समेत------------------------ विपक्षी

निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रवि नारायण खनाल, विद्वान अधिवक्ताहरु श्री सुरेन्द्र थापा, श्री धनन्जय खनाल, श्री कीर्तिनाथ शर्मा, श्री विकास भट्टराई, श्री अम्बर बहादुर राउत, श्री अनन्तराज लुइटेल, श्री युवराज गौतम, श्री सन्तोष भण्डारी, श्री कमल कोइराला, श्री लक्ष्मी नानी थापा, श्री प्रतिभा उप्रेती र निवेदक अधिवक्ता श्री मुकुन्द अधिकारी समेतले गर्नु भएको वहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सो को आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद वाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु।

साथै निवेदकले अन्तरिम आदेश समेतको माग गरेको सम्वन्धमा विचार गर्दा, संक्रामक रोगको महामारी भएको वा हुन सक्ने प्रबल सम्भावना भएको अवस्थामा नागरिकहरूको जीवनको रक्षा गर्नु राज्यको दायित्वभित्र पर्दछ। यस्तो दायित्व नेपालको संविधानको धारा ३५ मा उल्लेख भएको स्वास्थ्य सम्बन्धी हक र धारा ५२ मा उल्लेख भएको राज्यको दायित्वभित्र पर्ने देखिन्छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४९ ले संक्रामक रोगको

पर्ने, प्रभावित व्यक्तिको उपचारको व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तत्कालै गर्नुपर्ने, व्यवस्थापनको लागि केन्द्र, प्रदेश र स्थानीय तहको समन्वय हुनुपर्ने, स्वास्थ्य संस्थाले त्यस्तो विरामीको उपचारको व्यवस्था मिलाउनु पर्ने जस्ता विषयहरू उल्लेख गरेको देखिन्छ। उक्त ऐनको दफा ४८ ले आपतकालिन स्वास्थ्य सेवा तथा व्यवस्थापनका सम्बन्धमा उल्लेख गरेको देखिन्छ भने दफा ३३ मा आकस्मिक स्वास्थ्य उपचार कोष स्थापनाका सम्बन्धमा उल्लेख भएको पाइन्छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ ले जनस्वास्थ्य सम्बन्धी विभिन्न प्रावधानहरूको परिभाषा गरेको पाइन्छ र दफा २(थ) मा स्वास्थ्य संस्था भन्नाले सरकारी, गैरसरकारी, निजी, सहकारी वा गैह्रनाफामुलक सामुदायिक संस्थालाई समेत समेटेको पाइन्छ।

यस परिप्रेक्षमा निवेदकले मुलतः स्वास्थ्य संस्थाबाट प्रवाहित हुने (क) आकस्मिक स्वास्थ्य सेवाको नियमित प्रवाह गर्नु, (ख) COVID-19 को परीक्षण गराउन चाहने व्यक्तिहरूको परीक्षण ४८ घण्टाभित्र गरी प्रतिवेदन दिनु, (ग) देशका सातै वटा प्रदेशबाट COVID-19 को परीक्षणको व्यवस्था मिलाउनु, (घ) ३७.३ FH भन्दा बढी ज्वरो आएका व्यक्तिहरूको Swab परीक्षण गर्नु र एकान्तवास (Isolation) मा राख्नु, (ङ) ३७.३ FH भन्दा कम ज्वरो आएका विरामीलाई सम्बन्धित स्वास्थ्य संस्थामा नै जाँच परीक्षण गर्ने व्यवस्था मिलाउनु र (च) नियमित उपचारको क्रममा स्वास्थ्य संस्थामा उपचार गराउन आएका विरामी फिर्ता पठाउने कार्य रोक्नु भन्ने विषयमा अन्तरिम आदेश जारी गरीपाउँ भनी माग गरेको देखियो।

साथै बहसको क्रममा उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले 19 March 2020 मा जारी भएको WHO को Interim Guideance को कार्यान्वयन तथा नेपालको परिप्रेक्षमा सम्भावित महामारी रोक्न विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिएका Non-Medical प्रक्रिया र Medical प्रक्रियाको तयारी र कार्यान्वयन तथा ऐनको दफा २(थ) बमोजिमका स्वास्थ्य संस्थाहरूले दफा ४ बमोजिमको आकस्मिक उपचार दफा ६ बमोजिमको प्रेषण (रेफरल) सेवा, दफा १० बमोजिमको सेवाग्राहीलाई स्वास्थ्य उपचारको जानकारी दिनुपर्ने व्यवस्था, दफा १६ बमोजिमको स्वास्थ्य संस्थाको दायित्व, दफा १३ बमोजिमको पेशागत आचरण तथा NMC को Code of Ethics को प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विपक्षीहरूबाट भए गरेका कामहरूको प्रभावकारिताका बारेमा प्रश्न उठाएको पाइयो। यसै सम्बन्धमा उक्त ऐनको दफा ५२ मा भएका कसूरहरू मुलतः स्वास्थ्य

संस्थाहरूले उपचार सेवा प्रदान गर्न इन्कार गरेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले के कदम चालेको छ भन्ने प्रश्नहरू समेत उठेको पाइयो।

यस अदालतमा यसै प्रकृतिका ०७६-WO-०९३३ र ०७६-WO-०९३४ का निवेदनहरू परी उक्त निवेदनहरूमा माग भएका अन्तरिम आदेशहरूको छलफलका सम्बन्धमा मिति २०७६।१२।२३ को मिति तोकेको पाइयो। यस निवेदनमा केही फरक विषयहरू समावेश भएतापनि मुलतः COVID-19 सँग सम्बन्धित नै पाइयो। तसर्थ माथि उल्लेख भएका रीट निवेदकले निवेदनमा उठाएका र बहसको क्रममा उठेका विषयहरूको अवस्थाका बारेमा विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्तालाई र अर्का विपक्षी स्वास्थ्य सेवा बिभाग, टेकुका महानिर्देशकले तोकेको प्रतिनिधिलाई उल्लेखित विषयको कार्य विवरण र योजना प्रतिवेदन सहित छलफलमा उपस्थित हुन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(३) बमोजिम यो आदेश गरिदिएको छ।

अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि मिति २०७६।१२।२३ गतेको पेशी तोकी सोको सूचना विपक्षीहरूलाई दिनू र माननीय महान्यायाधिवक्तालाई समेत प्रतिरक्षाको लागि उपस्थित हुन सूचना दिनू साथै ०७६-WO-०९३३ र ०७६-WO-०९३४ का रीट निवेदनहरू साथै राखी नियमानुसार पेश गर्नू।

न्यायाधीश

ईति सम्वत् २०७६ साल चैत्र २१ गते रोज ६ शुभम् ----------------------------

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

आदेश

०७६-WO-०९३२

विषयः अन्तरिम आदेश जारी गरी पाउँ।

अधिवक्ता मिना खड्का वस्नेतसमेत---------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत---------------------------------- विपक्षी

०७६-WO-०९३५

अधिवक्ता मनिषकुमार श्रेष्ठसमेत------------------------------------------------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत---------------------------------विपक्षी

मुद्दा - उत्प्रेषण समेत।

अन्तरिम आदेश सम्वन्धमा छलफलका लागि पेश हुन आएको निवेदनहरू सहितको मिसिल अध्ययन गरियो।

निवेदक अधिवक्ता मीना खड्का वस्नेत समेतले दायर गर्नु भएको रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री मीना खड्का वस्नेत, श्री माधव कुमार वस्नेत र श्री सरोजकृष्ण घिमिरे र रिट निवेदक मनिषकुमार श्रेष्ठ समेत भएको रिट निवेदनमा निवेदकहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ

अधिवक्ताद्वय श्री यदुनाथ खनाल, श्री गोपालकृष्ण घिमिरे तथा विद्वान अधिवक्ताहरु श्री सुनिल कुमार पोखरेल, श्री बिष्णु लुईटेल, श्री विकास भट्टराई, श्री पंकज कुमार कर्ण, श्री अनन्तराज लुइटेल, श्री भेषराज पन्त, श्री दमन बहादुर चन्द, श्री दान बहादुर बुढा, श्री सन्तोष भण्डरी, श्री सुजन नेपाल, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला तथा निवेदक अधिवक्ताहरु श्री कीर्तिनाथ शर्मा, श्री रामदत्त ओझा, श्री मनिराम उपाध्याय, श्री दिपकराज जोशी, श्री मनिषकुमार श्रेष्ठ र श्री देवी कुमारी जोशीले बहस प्रस्तुत गर्नु भयो। त्यसैगरी विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका माननीय महान्यायाधिवक्ता श्री अग्नी खरेल, विद्वान नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डेय, विद्वान सह न्यायाधिवक्ताद्वय श्री संजीव राज रेग्मी, श्री लोकराज पराजुली एवं सुदुर पश्चिम प्रदेश, मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली, विद्वान अधिवक्ताहरु श्री गोविन्द प्रसाद शर्मा वन्दी, डा. श्री दिनमिण पोखरेलले गर्नु भएको वहस समेत सुनियो।

अन्तरिम आदेश सम्वन्धमा विचार गर्दा, पेश भएका दुई वटै रिट निवेदनहरु मध्ये मुद्दा नं. 076-WO-0932 मा कोरोना भाईरस (COVID-19) सँग सम्बन्धित महामारीको कारण उत्पन्न भएको परिस्थितिलाई कारण देखाई बिदेशमा रहेको नेपाली नागरिकलाई नेपाल भित्र आउन रोक्न नेपाल सरकारलाई कुनै कानूनले अधिकार नदिएको हुँदा बिदेशमा रहेका नेपाली नागरिकहरू नेपाल आफैं आउन चाहनेलाई निर्वाध रुपमा प्रवेश गर्न दिनू र नेपाल आउने चाहना भएर पनि आउन नसक्नेलाई तत्काल उद्धार गर्नू भनी अन्तरीम आदेश माग गरेको पाईयो । त्यसैगरी मुद्दा नं 076-WO-0935 मा नेपालको दार्चुला जिल्लाको महाकाली नदी पारी रहेको भारतीय भुभाग धार्चुलामा सातसय नेपाली नागरिकहरु अलपत्र परेको र नेपाल सरकारले निजहरुलाई नेपालमा आउन रोक लगाएकोले महाकाली पारीको भारतीय क्षेत्रमा रोकिएका नेपाली नागरिकहरुलाई नेपाल प्रवेश गर्न रोक नलगाउनु साथै उनीहरुलाई नेपाल ल्याई कोरोना संक्रमणको परीक्षण गर्ने, उनीहरुलाई आइसोलेसनमा राख्ने वा क्वारेन्टाइनमा राख्ने एवं कसैलाई संक्रमण भएको पाइएमा उचित उपचार समेतको व्यवस्था गर्नु गराउनु भनी अन्तरिम आदेश जारी गरी पाउँ भनी रिट दायर भएको पाईयो । साथै नेपाल र भारत वीचको सिमानामा बालवालिका, वृद्ध बृद्धा र सुत्केरी महिला समेत जोखिमपूर्ण अवस्थामा रहेको भन्ने कुरा निबेदक तर्फका कानून व्यवसायीहरुले वहसको क्रममा उठाउनु भयो।

नेपालको संविधानको धारा १६(१) ले प्रत्येक व्यक्तिलाई सम्मान पुर्वक बाँच्न पाउने हक प्रदान गरेको र धारा १७(१)ले कानून वमोजिम वाहेक वैयक्तिक स्वतन्त्रताको हक हनन नहुने कुराको प्रत्याभुति गरेको छ । त्यसैगरी धारा ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने र धारा १८(१) ले सवै नागरिक कानूनको दृष्टिमा समान भएकोले कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यबस्था गरेको छ । सम्मानपूर्वक बाच्ने हक अन्तरगत सबै नागरिकलाई जीवनको हक हुने र संविधानले प्रत्याभूत गरेका अन्य सबै हक भन्दा जीवनको हक(Right to life)को स्थान सर्वोच्च हुने कुरा निर्विवाद रहेको देखिन्छ ।

नेपालको संविधानको धारा ५ मा उल्लेख भए बमोजिम नेपाली नागरिकको हक हितको रक्षा गर्नु राज्यको कर्तव्य हुन्छ। नेपालका नागरिकहरु संसारको जुनसुकै भूभागमा रहे बसेको भए पनि उनीहरूलाई भोक र रोगले मर्ने अवस्था आउन नदिन र उनीहरुको जीवनको सुरक्षा प्रदान गर्नु राज्यको कर्तव्य हुन आउँछ । कुनै पनि अवस्थामा राज्य यो दायित्वबाट बिमूख रहन सक्दैन । संक्रामक रोगको महामारीको समयमा संक्रमणलाई समुदायमा फैलिन नदिन सरकारले अवलम्वन गरेको विधीमा अनिवार्य रुपमा सहभागी भई सरकारी निर्देशनको पूर्ण पालना गरी सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुन पनि हुन आउँछ, विदेशबाट आँउने संभाव्य संक्रमित नागरिकले सरकारले तोकेको समयावधिसम्म परिवार र समाजमा घुलमिल नभई सरकारले तोके बमोजिमको क्वारेन्टाईनमा बस्नु पर्ने हुन्छ ।

कोभिड १९का कारण नेपाल लगाएत बिश्व नै लकडाउनको अवस्थामा रहेको समयमा नेपाल आफ्नो नागरिकको सुरक्षामा प्रयत्नसिल रहे पनि त्यो प्रयास प्रयाप्त रहेको देखिन आएन। यस लकडाउन (Lockdown)को अवस्थामा नेपालका नागरिकहरु विश्वको जुनसुकै कुनामा रहेको भएतापनि निजहरूले खान, बस्न र स्वास्थ उपचारको अभावमा बस्नु नपरोस् भन्ने कुरालाई मध्यनजर राख्दै यस लकडाउन(Lockdown)को अबधिसम्मका लागि विदेशमा रहेको नेपाली नागरिकहरुको संरक्षणका सम्वन्धमा तत्काल देहाय वमोजिम गर्नु गराउनु भनी नेपालको संबिधानको धारा १३३ अर्न्तगत नेपाल सरकारको नाममा देहाय बमोजिमको आदेश जारी गरिदिएको छ । आदेशको जानकारी बिपक्षीहरूलाई गराउनु ।

१. बिदेशमा खान, बस्न र स्वास्थ्य उपचारको अभाव झेलिरहेका वा बिपतमा परेका नेपाली नागरिकहरूको पहिचान गरि नेपाल फर्कन चाहने ईच्छुक नेपाली

नागरिकहरूलाई सम्वन्धित मुलुकसंग कुटनैतिक माध्यमवाट समन्वय गरी नेपाल ल्याउने आवश्यक व्यवस्था गर्नु गराउनु, उक्त कार्य तत्काल संम्भव नभएको अबस्थामा निजहरूलाई तत् तत् स्थानमा खान, बस्न र स्वास्थ्य उपचारको यथोचित प्रवन्ध गरी नागरिकहरुको हक हितको रक्षा गर्ने ब्यबस्था मिलाउन आवश्यक पहल गर्नु ।

२. यसरी सो बमोजिम नेपालीहरू विदेशबाट नेपाल आएको अवस्थामा आएका सम्पूर्ण व्यक्तिहरुको नाम थर वतन सहितको अद्यावधिक लगत राखेर मात्र नेपाल प्रवेश गराउने व्यवस्था मिलाउनु। निजहरूलाई क्वारेन्टाईनमा राख्नु ।

३. नेपाल भारतको सिमामा रहेका नेपाल आउन ईच्छुक नेपाली नागरिकहरूलाई नेपालमा ल्याई निश्चित समय क्वारेनटाईनमा राखे ब्यबस्था मिलाउनु, त्यस्तो प्रवन्ध गर्न तत्काल संम्भव नभएमा भारत सरकार संग समन्वय गरी लकडाउन अबधिसम्मका लागि निजहरुलाई खाने, वस्ने तथा उपचारको यथोचित ब्यबस्था मिलाउन पहल गर्नु ।

४. क्वारेनटाईनमा रहेका ब्यक्तिहरूलाई WHO को मापडण्ड अनुसार स्वास्थ उपचार लगाएतका सेवा प्रदान गर्ने ब्यबस्था गरि क्वारेन्टाईनलाई ब्यबस्थित तवरले संचालन गर्ने ब्यबस्था मिलाउनु ।

५. विदेशमा रहेका नेपालीहरुको भिसा समाप्त भएको वा राहदानीको म्याद समाप्त भएको कारणवाट कुनै समस्या पर्ने अवस्था भएमा त्यस्ता नेपाली नागरिकहरु रहेको मुलुकसंग समन्वय गरी नेपाली नागरिकहरुको विदेशको वसाई नियमित गर्ने ब्यबस्था मिलाउनु ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७६ चैत्र २५ गते रोज ३ शुभम्------------------।

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री मीरा खडका

## आदेश

०७६-WO-०९३७

अधिवक्ता अनन्तराज लुइटेल समेत ---- निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत ----- विपक्षी

मुद्दाः- परमादेश

यसमा निवेदकको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री रवि नारायण खनाल, र श्री गोपाल कृष्ण घिमिरे तथा विद्वान् अधिवक्ताहरु श्री रुद्र नेपाल, श्री दीनमणी पोखरेल, श्री विष्णु लुइटेल, श्री विकास भट्टराई, श्री कृतिनाथ शर्मा, श्री पंकज कुमार कर्ण, श्री मनिष लुइटेल, श्री सन्तोष भण्डारी, श्री प्रमोद कुमार थापा, श्री लक्ष्मी थापा, श्री दमन बहादुर चन्द, श्री रामदत्त ओझा, श्री सुजन नेपाल र निवेदक विद्वान अधिबक्ताहरु श्री अनन्तराज लुइटेल र श्री प्रतिभा उप्रतीले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकहरुको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

साथै निवेदनमा अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा दुवै पक्षहरुलाइ राखी छलफल गर्न उपयुक्त देखिएकोले मिति २०७६।१२।२७ गते छलफलका लागि पेशी तोकी सोको सूचना विपक्षीहरुलाई दिई नियमानूसार पेश गर्नू ।

न्यायाधीश

इति संवत् २०७६ साल चैत्र महिना २५ गते रोज ३ शुभम् .....................।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

आदेश

०७६-WO -०९३७

विषय:- परमादेशको आदेश जारी गरि पाउँ।

अधिवक्ता अनन्तराज लुइटेल समेत --------------------------------------------------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरवार काठमाण्डौं समेत -------------------विपक्षी

मुद्दा:- परमादेश।

निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रवि नारायण खनाल, विद्वान अधिवक्ताहरु श्री पंकजकुमार कर्ण, श्री रुद्र नेपाल, श्री सुजन नेपाल, श्री मधुकुमार चौलागाई, श्री प्रमोदकुमार थापा, श्री दमन बहादुर चन्द, श्री लक्ष्मी नानी थापा, श्री सन्तोष भण्डारी, श्री गुरु भक्त निरौला, श्री चन्द्रमणि पौडेल, श्री कमल कोईराला र निवेदक अधिवक्ताहरु श्री प्रतिभा उप्रेती, श्री अनन्तराज लुईटेल तथा विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे र सह-न्यायाधिवक्ता श्री लोकराज पराजुलीले गर्नु भएको बहससमेत सुनियो।

यसमा अनलाईन शिक्षाको माध्यमबाट पठनपाठनको सुचारु गर्न, विदेशबाट आएका यूवा र स्वदेशी किशानलाई प्रोत्साहित गरी उद्यमशीलतामा लाग्न सहूलियत दरमा ऋण उपलब्ध गराउने, विउ विजन र मल सहूलियत दरमा उपलव्ध गराउने, कर छुटको व्यवस्था गर्ने, उत्पादनको मूल्य निर्धारण गरी प्रोत्साहन गर्ने, सरकारी विज्ञापन समानुपातिक रुपमा पत्रिका र अनलाईन संचार माध्यमलाई उपलव्ध गराउने, हरेक संचार माध्यमलाई संचालनमा सहयोग पुग्ने गरी सहयोग उपलव्ध गराउने कानूनी प्रवन्ध गर्ने समेतका विषयहरु उठाई रिट निवेदन परेको देखियो\ साथै, यीनै विषयमा अन्तरिम आदेश जारी गरी पाउँ भनी जिकिर गरेको पाईयो।

हाल COVID-19 संक्रमणको कारणबाट असहज परिस्थिति देखा परेको तथ्यमा विवाद छैन। देशमा उत्पादकत्वको अवस्था विग्रन नदिई उत्पादकत्व बढाउने उपायहरु अवलम्बन गर्नु पर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा लगायत राज्यको तर्फबाट संचार क्षेत्रकालागि दिने सहयोग सम्वन्धी निवेदकहरुले उठाउनु भएका विषयहरु निश्चय नै महत्वपूर्ण छन्। यस विषयमा नेपाल सरकारका सम्वध्द निकायहरुको तत्काल गम्भिर ध्यानाकर्षण समेत हुनु पर्दछ र जनताको अधिकतम हित, शिक्षाको अवसर तथा जनस्वास्थ्यको प्रत्याभूति, उत्पादकत्व वृद्धि गर्ने सहित आम संचार क्षेत्रको संरक्षणकालागि आवश्यक प्रवर्धनकारी कार्यक्रमहरु संचालन समेत गरिनु पर्दछ। यसको तात्पर्य उल्लेखित विषयलाई अन्तरिम आदेशकोलागि उपर्युक्त विषय हो भनी मात्र सकिने अवस्था भने देखिदैन। विवादको अन्तिम सुनुवाईका अवस्थामा निवेदकहरुले उठाउनु भएका विषयहरुको विवेचना हुन उपयुक्त देखिन्छ। उल्लेखित विषयहरु हेर्दा आधारभूत रुपमा यो सरकारको नीतिगत निर्णय सम्वन्धी विषय देखिन्छन्। यस प्रकार सरकारको नीतिगत निर्णयको विषयमा अहिले यो परमादेश सम्बन्धी निवेदनका सन्दर्भमा अन्तरिम आदेश जारी गर्नु मनासिव देखिएन।

COVID-19 नियन्त्रणका सम्वन्धमा नेपाल सरकारको तर्फबाट केही कार्यक्रम कार्यान्वयनमा ल्याईएको र नियन्त्रणको प्रयास भई रहेको भनी विद्वान नायव महान्यायाधिवक्ता तथा सह-न्यायाधिवक्ताले वहसको क्रममा जिकिर लिनु भएको देखियो। COVID-19 कै विषयलाई लिएर ०७६- WO-०९३२, ०७६- WO-०९३३, ०७६- WO-०९३४, ०७६- WO-०९३५, ०७६- WO-०९३६ का रिट निवेदनहरु परी विचाराधिन रहेको समेत पाईयो। अतः यसमा खाद्य सुरक्षा, रोग नियन्त्रण, शैक्षिक कार्यक्रम राहत व्यवस्था, सरकारबाट घोषित कार्यक्रमहरुको कार्यान्वयन स्थिति, तथा निवेदकहरुले उठाएका संविधानको धारा १९, ३१, ३५ तथा धारा ३६ लगायतको कार्यान्वयनका लागि वनेका ऐन, नियमको कार्यान्वयनको अवस्था समेतका विवरण खुलाई सम्बन्धित निकायहरुबाट आवस्यक जानकारी लिई एकमुष्ट रुपमा महान्यायाधिवक्ताको कार्यालयबाट १० दिन भित्र प्रतिबेदन पेश गर्न लेखि पठाउनु। र उपरोक्त उल्लेखित ०७६- WO-०९३६ समेतका ५ थान निवेदनहरु समेत साथै राखि सुनवाईका लागि मिति २०७७।०१।११ गते पेश गर्नू। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई अरु नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७६ साल चैत्र २७ गते रोज ५ शुभम्------------------------------------------